# रा.बा.बैंक स्वर्ण जयन्ती छात्रवृत्ति-२०७२ सम्वन्धी सूचना

लोपोन्मुख आदिवासी/जनजाती (कुसुन्डा, वनकरिया, राउटे, सुरेल, हायू, राजी, किसान, लेप्चा, मेचे र कुशवाडिया) विद्यार्थीहरुको उच्च शिक्षा अध्ययनमा टेवा पुऱ्याउन प्रमाणपत्र तह/दश जोड दुई अध्ययनको लागि प्रति विद्यार्थी प्रति महिना रु.३,५००।- र स्नातक तह अध्ययनको लागि प्रति विद्यार्थी प्रति महिना रु. ५,०००।- अध्ययन अवधि भर छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले यस वैंकद्वारा स्थापित **रा.वा. वैंक स्वर्ण जयन्ती छात्रवृत्ति -२०७२** को लागि नेपाल भित्रका शैक्षिक संस्थावाट एस.एल.सि. वा दश जोड दुई उत्तिर्ण भई हाल कक्षा ११ र स्नातक तह प्रथम वर्षमा अध्ययनरत उपरोक्त जातीका विद्यार्थीहरुवाट **१५ दिन** भित्र आवेदन पेश गर्न आव्हान गरिएको छ । छात्रवृत्ति सम्वन्धि आवेदन फाराम वैंकको Web site: www.rbb.com.np वाट Download गरी वा राष्ट्रिय वाणिज्य वैंकको कुनै पनि शाखा कार्यालयवाट प्राप्त गर्न सकिनेछ ।

**आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु :**

१ नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१
२ शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (मार्कसिट, ट्रान्सक्रिप्ट)-१-१
३ चारित्रिक प्रमाणपत्रको प्रतिलिपि-१
४ अध्ययनरत उच्च माध्यमिक विद्यालय/क्याम्पसको पत्र-१
५ लोपोन्मुख आदिवासी जनजाती वर्गको व्यक्ति हो भनि सम्वन्धित जिल्ला प्रशासन कार्यालय वा अधिकार प्राप्त निकायवाट गरिएको सिफारिस -१

उपरोक्त वमोजिमका कागजातहरुको फोटोकपी गरी कागजातको अघिल्लो भागको खाली ठांउमा सक्कल वमोजिम नक्कल ठिक छ भनि विद्यार्थी स्वयंले प्रमाणित गर्नु पर्नेछ । यसरी प्रमाणित गरिएको कागजातहरु बैंकको कुनै पनि शाखा कार्यालय मार्फत वा विद्यार्थी स्वयंले स्क्यान गरी scholarship@rbb.com.np मा इमेल गरी पठाउन सक्नेछन् । छात्रवृत्तिको लागि छनौट भएको सूचना प्राप्त भएपछि आवेदन साथ पेश गरिएका कागजातहरुको सक्कल प्रति लिई वैंकको केन्द्रिय कार्यालय, व्रान्च अपरेशन विभागमा सम्पर्क गर्नु पर्नेछ ।

**राष्ट्रिय वाणिज्य बैंक लि.**
केन्द्रीय कार्यालय
ब्रान्च अपरेशन विभाग
सिंहदरवारप्लाजा, काठमाण्डौ ।
सम्पर्क फोन-०१-४२६८४१०